

# ५ धर्मशास्त्र बाइबल र बाइबलमात्रै- वा स्क्रिप्ट्च्युरा

*<u>यस अध्यायका मूल पदहरू: १</u>* कोरन्थी ४:१-६, तितस १:९, २ तिमोथी १:१३, मर्कूस १२:१०,२६, लूका २४:२७,४४,४५ र यशैया ८:२०।

*<u>यस अध्यायका मूल सार पद:</u>* **"किनकि परमेश्वरको वचन जीवित र क्रियाशील वा शक्तिशाली हुन्छ, र कुनै पनि दुईधारे तरवारभन्दा बढ़ी धारिलो हुन्छ। यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाड़को गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ।" (हिब्रू ४:१२)।**

सुधारवादी इसाईहरूले "धर्मशास्त्र बाइबलमात्रै" (सोला स्क्रिप्ट्च्युरा) भनेर दावी गर्दै पवित्र धर्मशास्त्रलाई धार्मिक दर्शनको निर्णायक स्रोत हो भनेर यसको गरिमालाई उच्च स्थानमा राखेका थिए। सबै इसाई शिक्षादीक्षा बाइबलकै आदर्श वा स्तरमामात्र सिकाउनुपर्छ भनेर सुधारवादी इसाई धर्मगुरुहरूले पन्द्रौं शताब्दीतिर सिकाएका थिए। त्यसको बिपरीत रोमन क्याथोलिक चर्चको धर्म दर्शन वा धार्मिक शिक्षादीक्षाले बाइबलमात्र होइन परम्परालाई पनि मान्यता दिनुपर्छ भनेर विभिन्न परम्पराहरूलाई चर्चमा भित्र्याएका थिए। तर सुधारवादी इसाईहरूले "मात्रै" भनेर आस्था र सबै शिक्षादीक्षाका अन्तिम स्रोत र आधिकारिकता बाइबल नै हो भनेर जोड दिएका थिए।

बाइबलमात्र सुधारवादी इसाईहरूको आन्दोलनको निर्णायक उर्जा वा बल र आधिकारिकता थियो। तिनीहरूले रोमले सयौं वर्षसम्म सिकाएका गलत शिक्षाहरूको विरुद्धमा आन्दोलन मच्चाएका थिए। रोमन क्याथोलिक चर्चले कतिपय बाइबलका सत्यहरूलाई नीति सिकाउने काल्पनिक शिक्षाहरू हुन् भनेर व्याख्या गरेका थिए। यसले गर्दा बाइबलका पदहरूलाई विभिन्न अर्थहरू

लगाएर सिकाइन्थ्यो। तर त्यसको बिपरीत सुधारवादी इसाईहरूले बाइबलका सामग्रीहरूलाई व्याख्या गर्दा त्यसलाई अक्षरस व्याकरण र ऐतिहासिक रूपमा पढ्नुपर्छ भनेर जोड दिएका थिए। बाइबल अध्ययन गर्दा त्यहाँ भएको पदले नै के भन्न खोजेको छ, त्यसको अक्षरस अर्थ के हो र त्यसको व्याकरण संरचना कसरी गरिएको छ भनेर गम्भीररूपमा अध्ययन गर्नुपर्छ भन्ने सुधारवादी इसाईहरू वा बाइबललाईमात्र सबै अध्यात्मिक ज्ञानको स्रोत भनेर विश्वास गर्ने इसाईहरूको जिकिर थियो।

यस अध्यायमा सोला स्क्रिप्ट्च्युरालाई (*sola Scriptura)* अत्यन्तै विस्तृतरूपमा हेर्नेछौं। परमेश्वरको वचनलाई उचितरूपमा बुझ्न र व्याख्या गर्न नभइ नहुने केही मौलिक सिद्धान्त वा नीतिहरू सोला स्क्रिप्च्युरा वा बाइबलमात्रै भन्ने घोषणालाई कसरी बुझाउँछ भनेर यस अध्यायमा हामी हेर्नेछौं। हामी सेभेन्थ-डे एडभेन्टिस्टहरू पनि सुधारवादी इसाईहरूको मूल धारमा रहेकोले हाम्रो सबै शिक्षादीक्षा वा धर्मदर्शनको अन्तिम स्रोत र आधिकारिकता बाइबल नै हो भन्ने नीतिलाई थामी राख्नु जरुरी छ।

## १. सबै आत्मिक ज्ञानको स्रोत बाइबलको नियन्त्रणमा

सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको सुरुदेखि नै तिनीहरू पुस्तकका जनहरू हुन् भनेर आफूलाई चिनारी दिएका थिए। त्यो पुस्तक अरू कुनै नभएर धर्मशास्त्र बाइबल नै थियो। सबैको सामु आफूहरू बाइबललाई विश्वास गर्ने वा त्यसमाथि उच्च आस्था राख्ने इसाईहरू हौं भनेर दावी गरेका थिए र गरिनै रहेका पनि छन्। जब हामी सोला स्क्रिप्च्युरा वा बाइबल र बाइबलमामात्रै विश्वास गर्छौं भनेर जोड दिन्छौं त्यसको अर्थ हाम्रो जीवन र सम्पूर्ण शिक्षादीक्षालाई सम्हाल्ने अन्तिम अधिकार बाइबललाई नै दिएका हुन्छौं। हामीले जे सिकाउँछौं वा हामी जसरी जिउँछौं ती बाइबलको आदर्श वा मापदण्ड अनुसार हुनुपर्छ भनेर हामी जिकिर गर्छौं। अरू जुनसुकै स्रोतहरू जस्तै अरू, आध्यात्मिक अनुभवहरू, मानवीय तर्कहरू वा त्यसबाट निकालिएका आध्यात्मिक पुस्तकहरूनै किन नहुन् वा परम्परा, संस्कार, संस्कृति, रहनसहन आदि सबै बाइबलकै मातहतमा हुनुपर्दछ। अझ स्पष्टरूपमा भन्ने हो भने जब हामी सोला स्क्रिप्च्युरा वा बाइबल र बाइबलमात्रै भन्ने नीति अपनाउँछौं तब बाइबलले सिकाउने सबै शिक्षादीक्षा वा धर्मदर्शनहरूको अधिकार बाइबलमा नै निहित भएको हामी दावी गर्छौं। ती शिक्षादीक्षा वा धर्मदर्शनहरूको स्रोत र तिनीहरूको व्याख्या चर्च वा बाइबलभन्दा बाहिरी

स्रोतमा भर परिँदैन वा बाइबलभन्दा बाहिरका कुनै पनि स्रोत चाहे आत्मज्ञान नै किन नहोस् त्यसलाई हाम्रो आत्मिक जीवन र शिक्षादीक्षाको मापदण्ड वा आदर्शलाई साश्वत अर्थात् अन्तिम आधिकारिकता भनेर मान्दैनौं।

१ कोरन्थी ४:१-६ पढ्नुहोस्। विशेष गरेर पद ६को "धर्मशास्त्रको अनुसार" भनेर पावलले औँल्याएको हेर्नुहोस्। हाम्रो विश्वास, शिक्षादीक्षा वा धर्मदर्शनको निम्ति यो वाक्य किन निर्णायत्मक छ? हेर्नुहोस्: "१ यसरी मानिसले हामीलाई ख्रीष्टका सेवक र परमेश्वरका रहस्यहरूका भण्डारे ठान्नुपर्दछ। २ त्यसबाहेक यो आवश्यक छ, कि भण्डारेहरू विश्वासयोग्य ठहरिनुपर्छ। ३ तर तिमीहरूबाट वा मानिसको कुनै अदालतबाट मेरो इन्साफ हुनु, यो त मेरो निम्ति अति सानो कुरो हो, म आफै पनि आफ्नो इन्साफ गर्दिनँ। ४ मेरो आफ्नै विरुद्धमा केही छ भन्ने मलाई थाहा छैन, तर त्यसले मलाई निर्दोष साबित गर्दैन। मेरो न्याय गर्ने त प्रभु नै हुनुहुन्छ। ५ यसकारण तोकिएको समयभन्दा अघि न्याय नगर, प्रभु आउञ्जेल पर्ख। उहाँले अँध्यारोमा लुकेका कुराहरूलाई प्रकाशमा ल्याउनुहुनेछ, र मानिसका हृदयका अभिप्रायहरू प्रकट गरिदिनुहुनेछ। तब हरेक मानिसले परमेश्वरबाट आफ्नो प्रशंसा पाउनेछ। ६ भाइ हो, मैले आफ्नो र अपोल्लोसको उदाहरण दिएर, तिमीहरूका भलाइको निम्ति यी सब कुरा लेखेको छु, ताकि हामीबाट दिइएको पवित्र धर्मशास्त्रअनुसार तिमीहरू जिउन सिक, र तिमीहरूमध्ये कोही पनि एक-अर्काको विरुद्धमा घमण्डले नफुल।"

कहिलेकाहीँ कतिपय मानिसहरू "म बाइबलभन्दा बाहिरको कुनै कुरासँग मतलब राख्दिन तर बाइबलले जे भन्छ त्यसैमामात्र म चासो राख्छु किनकि पावलले "धर्मशास्त्र अनुसार" भनेका छन्" भनेर एकोहोरो हुने गर्दछन्। "धर्मशास्त्र" अनुसार बाइबलभन्दा अन्य अध्ययन क्षेत्र पनि हुन्छ जसले बाइबलको शिक्षादीक्षा वा ज्ञानलाई झन प्रकाश पार्दछ त्यसलाई हामीले नकार्नुहुँदैन। तिनीहरूमध्ये पुरातत्व वा ऐतिहासिक लेखहरू खोजअनुसुन्धान वा उत्खनन् गरेर भेट्टाइएका ज्ञान र इतिहास आदि हुन्। अरू पनि अध्ययन-क्षेत्र वा ज्ञानहरू हुनसक्छन् जसले बाइबलका पद र पक्षहरूलाई झन बाइबलसम्मत नै ज्ञान दिलाउँछन् भने त्यसप्रति आँखा चिम्लनुपनि बुद्धिमानी हुँदैन। बाइबललाई व्याख्या गर्न सहयोग गर्ने अन्य स्रोतहरूलाई बाइबल अध्ययन गर्दा पन्छाउनुहुन्न। तिनीहरूमा विभिन्न भाषा जस्तै ग्रीक, हिब्रू, ल्याटिन, अङ्ग्रेजी, नेपाली आदि शब्दकोषहरू, शब्दानुक्रमणिका (कन्कोर्डेन्स) अर्थात् बाइबलमा उल्लेख गरिएका महत्त्वपूर्ण शब्दहरूको सूची, अरू

पुस्तकहरू र व्याख्यात्मक ग्रन्थ वा कमेन्टरीहरू उपयोगी हुन सक्छन्। यद्यपि, बाइबललाई सही अर्थमा व्याख्या गर्न बाइबलका पदहरूले नै सबै विषयहरूमा प्राथमिकता पाउनुपर्छ। अरू सबै ज्ञान, विज्ञान र वाह्य स्रोतहरूलाई दोस्रो स्थानमा राख्नुपर्दछ। अरू सबैको धारणा वा दृष्टिकोणहरूलाई समुच्चरूपमा बाइबलकै पक्षमा उभिएर होशियारीसाथ मूल्याङ्कन गर्नुपर्दछ। जब हामी बाइबल र बाइबलमात्र वा सोला स्क्रिप्च्युरा नीतिमा सकारात्मकरूपमा अडान लिन्छौं। यदि हाम्रो विश्वासलाई व्याख्या गर्दा त्यो विषयवस्तु जो बाइबलीयमतमा बाझ्छ वा असहमत हुन्छ भने बाइबलमात्र हाम्रो आस्थाको अधार पर्छ। बाइबललाई नै उच्च स्थानमा राखेर अरू स्रोतहरू चाहे चर्चकै परम्परा किन नहुन् अरू धारणाहरूको फैसलाको आधार बाइबललाई नै दिन लगाउनुपर्दछ। बाइबल अरू कुनै मानवीय स्रोतहरूभन्दा अपार छ भनेर हामीले भन्न सक्नुपर्दछ। बाइबलभन्दा बाहिर वा त्यसमा लेखिए बाहेकको मार्गमा हामीले जानुहुन्न। सही इसाई भक्ति जीवन र मन परिवर्तन गर्ने सुसमाचार प्रचार भनेकै हाम्रो ज्ञानको मूल स्रोत बाइबलको अधिकारिक मान्यतामा अडिग भएर प्रतिवद्धता जनाएर चल्नु हो।

"यस संसारमा लेखिने वा भएका सम्पूर्ण लेखहरू र शिक्षादीक्षा वा धर्मदर्शनहरूको सत्य मालिक र गुरु धर्मशास्त्र बाइबलमात्रै हो"-मार्टिन लुथर, लुथरस् वर्कस्, ठेली ३२ः करियर अफ द रिफोर्मर दुई, हिल्टन सी. ओसवाल्ड र हेलमुट टी. लेहमान सम्पादितबाट (फिलाडेल्फियाः फोर्ट्रेस, १९९१) पृ.११,१२बाट रूपान्तरित।

**प्रेरित १७:१०-११ पढ्नुहोस्। यहाँ हामीले हेरिरहेका बाइबलको प्राथमिकतालाई कसरी सिकाउन खोजिएको छ? हेर्नुहोस्: "१० भाइहरूले तुरुन्तै पावल र सिलासलाई राती नै बेरिया पठाइदिए, अनि जब तिनीहरू त्यहाँ पुगे तब तिनी यहूदीहरूको सभाघरभित्र गए। ११ यहाँका यहूदीहरू थेसलोनिकेकाहरूभन्दा बढ़ी भला थिए किनभने यिनीहरूले पूरा उत्सुकतासाथ वचन ग्रहण गरे, र ती कुराहरू ठीकै त्यस्तै हुन् कि होइनन् भनी दिनहुँ धर्मशास्त्र छानबिन गर्थे। १२ यसकारण यिनीहरूमध्ये धेरैले, साथै निकै जना उच्च घरानाका ग्रीक महिलाहरूले र पुरुषहरूले समेत विश्वास गरे।"**

## २. धर्मशास्त्र बाइबलमा भएको एकता

"सबै धर्मशास्त्र परमेश्वरले फुक्नुभएको सास हो" (१ तिमोथी ३:१६ रूपान्तरित) भनेर बाइबल आफै दावी गर्दछ र "कुनै पनि भविष्यवाणी वा

धर्मशास्त्रमा लेखिएका वचनहरू अगमवक्ताका आफ्नै चाहना अनुसार वा व्याख्या गरिए अनुसार आएका होइनन् बरू २१ पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्।" (२ पत्रुस १:२०,२१)। परमेश्वर नै बाइबलको मूल लेखक हुनुभएकोले बाइबलका विभिन्न भागहरूले सिकाएका मूल विषयबस्तुहरूमा मौलिक एकता र एकै स्वर वा तालमेल हुन्छ भनेर हामी विश्वस्त हुनसक्छौं।

**बाइबलमा भएको एकता हाम्रो आस्था वा विश्वासको निम्ति नभैनहुने तत्व किन हो? हेर्नुहोस्, तितस १:९ "तिनलाई (बिशप वा चर्चको अगुवा) सिकाइएको विश्वासयोग्य वचनमा तिनी दह्रिलो बस्नुपर्छ, ताकि तिनले पक्का सिद्धान्तअनुसार शिक्षा दिन सकून्, र ती कुराहरूको खण्डन गर्नेहरूलाई झूटा साबित गर्न सकून्।" र २ तिमोथी १:१३-१४ "१३ ख्रीष्ट येशूमा भएको** विश्वास **र प्रेममा तिमीले मबाट सुनेका साँचा कुराहरूका नमूनाको अनुसरण गर। १४ तिमीलाई जिम्मा लाएको सत्यलाई हामीमा वास गर्नुहुने पवित्र आत्माद्वारा सुरक्षित राख।"**

परमेश्वरको प्रेरणाद्वारा आएको एकता वा धर्मशास्त्रमा भएको भित्री एकतालेमात्र धर्मशास्त्रको सही व्याख्या गर्न सक्छ वा धर्मशास्त्रमा भएका सामग्रीहरूको अर्थ धर्मशास्त्रले नै दिनसक्छ। यदि धर्मशास्त्र बाइबलमा सिकाइएका शिक्षाहरू आफैमा सामञ्जस्यता वा एकरुपता छैन भने हामीले सिकाएका शिक्षादीक्षा, सिद्धान्त वा कुनै विषयमा एकआपसी तालमेल हुन्छ वा मिल्छ भन्न सकिदैंन। बाइबलका विभिन्न पुस्तकहरूमा एकता वा एकरूपता छैन भने सत्य र असत्य र परमेश्वरप्रति सही आस्था राख्ने र विद्रोही भावना राख्ने दुवैलाई छुट्याउने औजार चर्चसँग हुने थिएन। परमेश्वरले दिनुभएको सत्यताबाट तर्किनेहरूलाई सच्याउन र आस्थाका भक्तहरूलाई अनुशासनमा राख्ने आधार पनि बाइबलमा भएको एकता बिना सम्भव हुँदैन। बाइबलमा एकरुपता वा सम्पूर्ण बाइबलको स्वर एउटै भएन भने यसले मानिसहरूलाई विश्वास दिलाउने र पापबाट स्वतन्त्र गर्ने शक्तिलाई कमजोर बनाउँछ र मानिसहरूमा यसको पकड आवश्यकता नभएको महसुस हुनेछ।

परमेश्वरबाटै सृजिएकोले बाइबलमा भएको एकतालाई येशू र बाइबलका लेखकहरूले यसको एकतालाई मानेका छन्। येशू र नयाँ करारका लेखकहरूले पुरानो करारबाट धेरै वचनहरू उद्धृत गर्नुले सम्पूर्ण धर्मशास्त्र बाइबलमा एकता छ र एकआपसी तालमेल छ भन्ने कुरालाई स्पष्ट पार्दछ।

रोमी ३:१०-१८मा पावलले उपदेशक ७:२०, भजन १४:२:३,५,१०:७ र यशैया ५९:७,८को भनाइहरूलाई उतार्दछन्।

जब मुख्य विषयबस्तुहरू बाइबलबाट उतारिन्छ वा उतारिरहेका हुन्छन् तब बाइबलका पुस्तकहरूमा ती विषयहरूको आपसी मेल हुने, अनुमोदन गर्नुपर्ने र कुनै हालतमा पनि ती विषयहरू एक पुस्तकबाट अर्कोलाई अलग गरेर हेर्न हुँदैन भन्ने बाइबलका लेखकहरूको धारणा छ। पुरानो करार र नयाँ करारको बीचमा कुनै असमानता, बेमेल र असहमति छैन। वास्तविकरूपमा भन्ने हो भने नयाँ करारमा कुनै नयाँ सुसमाचार वा धर्म जोडिएको छैन। नयाँ करारले पुरानो करारलाई उजागर गरेको छ वा प्रस्ट पारेको छ भने नयाँ करारका सबै शिक्षादीक्षा वा सत्यता पुरानो करारमा आधारित छन्। दुवै करारका पुस्तकहरूमा एकआपसमा पारस्परिक र घनिष्ट रूपमा अन्तर सम्बन्धित भएको कारणले एकले अर्कोको ज्ञानलाई प्रकाश गर्दछ वा खुलाउँछ। जब हामी बाइबलको कुनै विषयलाई अध्ययन गर्छौं तब हामीले ल्याएका विषयबस्तु सबै धर्मशास्त्र बाइबल र बाइबलकै आधारमा (टोटा स्क्रिप्ट्च्युरा tota scriptura) ल्याएका हुन्छौं र बाइबलको एकतालाई बाइबल र बाइबलमात्र भन्ने मान्यतालाई सर्वोपरी मान्छौं। बाइबलको विषयमा हामीले सिकेका वा सिकाउने कुनै पनि विषयबस्तु एउटै पुस्तकबाटमात्र नभएर त्यो विषयबस्तु बाइबलको अन्य पुस्तकहरूले सिकाएको कुरासँग मेल खान्छ कि खान्दैन भनेर पनि हेरिनुपर्दछ। बाइबलका एकदुई वटा भनाइहरूका आधारमा मात्र हाम्रो शिक्षादीक्षा अघि बढाउनुहुन्न।

**कहिलेकाहीं बाइबल पढिरहदा केही पदहरू बाइबलमै भएको पुस्तकको पदसँग बाझिएको जस्तो हामी भेट्दछौं। त्यसबेला हामीले के गर्नुपर्छ? यस्तो समस्यालाई हामीले कसरी समाधान गर्ने?**

## ३. बाइबलको स्पष्टता र स्वच्छपना

यदि बाइबलमा भएका कुनै पदले स्पष्ट अर्थ दिएन भने बाइबल पढ्नुहो अर्थ हुँदैन। **धर्मशास्त्र बाइबलमा लेखिएका वचनहरू बारम्बार उद्धृत गरेर बाइबलमा लेखिएको सन्देश स्पष्ट छ भनेर येशूले कसरी देखाउन खोज्नुभएको थियो? हेर्नुहोस् देहायका केही पदहरूः मत्ती २१:४२ "येशूले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरूले कहिल्यै धर्मशास्त्रमा पढ़ेनौ? 'जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द गरे त्यहीचाहिँ कुनाको शिर-ढुङ्गो बन्यो, यो परमप्रभुबाट भएको हो, अनि हाम्रो दृष्टिमा यो आश्चर्यमय छ।'" (भजनसंग्रह**

११८:२२,२३), मत्ती १२:१-८ "१ त्यस समय येशू शबाथमा अन्नका खेतहरूबाट भएर जाँदैहुनुहुन्थ्यो। उहाँका चेलाहरू भोकाएका थिए र अन्नका बाला टिप्दै खान लागे। २ तर फरिसीहरूले यो देखेर उहाँलाई भने, "हेर्नोस्, तपाईंका चेलाहरू शबाथमा जे गर्नु अनुचित छ, त्यही गर्दछन्।" ३ तर उहाँले तिनीहरूलाई भन्नुभयो, "दाऊदले, उनी र उनका साथमा हुनेहरू भोकाउँदा के गरेथे, के तिमीहरूले पढ़ेका छैनौ? ४ कसरी उनले परमेश्वरको भवनभित्र पसेर चढ़ाइएको रोटी खाएथे? त्यो रोटी खान न त उनलाई न उनीसँग हुनेहरूलाई, तर केवल पूजाहारीहरूलाई मात्र उचित थियो (लेबी २४:९)। ५ अथवा के व्यवस्थामा पढ़ेका छैनौ, कसरी शबाथमा पूजाहारीहरूले मन्दिरमा शाबथलाई अपवित्र तुल्याउँछन्, र पनि निर्दोषी ठहरिन्छन्? (गन्ती २८:९,१०) ६ तर म तिमीहरूलाई भन्दछु, मन्दिरभन्दा महान् कोही यहाँ छ। ७ तर 'म बलिदान होइन, दया चाहन्छु' भनेको अर्थ के हो सो तिमीहरूले जानेका भए तिमीहरूले निर्दोषीलाई दोष लाउनेथिएनौ। ८ किनकि मानिसको पुत्र शबाथको प्रभु हो।", मत्ती १९:४-६ " ४ तर उहाँले भन्नुभयो, "के तिमीहरूले पढ़ेका छैनौ, कि सृष्टिकर्ताले तिनीहरूलाई सुरुमा नै नर र नारी बनाउनुभयो, (उत्पत्ति १:२७) ५ र भन्नुभयो, 'यसैकारण मानिसले आफ्ना बुबा र आमालाई छोड़ेर आफ्नी पत्नीसँग मिलिरहन्छ, र ती दुई जना एउटै शरीर हुनेछन्।' (उत्पत्ति २:२४) ६ ती अब दुई होइनन्, तर एउटै शरीर हुन्छन्। यसकारण परमेश्वरले जसलाई एकसाथ जोर्नुभएको छ, त्यसलाई कुनै मानिसले नछुट्ट्याओस्।" , मत्ती २२:२९-३२ " २९ येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "तिमीहरू भ्रममा परेका छौ, किनकि तिमीहरू धर्मशास्त्र र परमेश्वरको शक्ति जान्दैनौ। ३० किनकि मृतकहरूको पुनरुत्थानमा मानिसहरूले विवाह गर्दैनन्, न विवाह गरिदिन्छन्, तर तिनीहरू स्वर्गका स्वर्गदूतहरूजस्ता हुन्छन्। ३१ तर मृतकहरूका पुनरुत्थानको विषयमा परमेश्वरले तिमीहरूलाई के भन्नुभएको छ, त्यो तिमीहरूले पढ़ेका छैनौ? ३२ 'म अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वर हुँ।' परमेश्वर मृतकहरूका परमेश्वर हुनुहुन्न, तर जीवितहरूका परमेश्वर हुनुहुन्छ।" (प्रस्थान ३:६), मर्कूस १२:१० " १० के तिमीहरूले धर्मशास्त्रको यो वचन पढ़ेका छैनौ? 'जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द गरे त्यहीचाहिँ कुनाको शिर-ढुङ्गा बन्यो, ११ यो परमप्रभुबाट भएको हो, अनि हाम्रो दृष्टिमा यो आश्चर्यमय छ।' (भजन ११८:२२,२३), मर्कूस १२:२४-३१ " २४ येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू भूलमा परेको कारण यही होइन र, कि तिमीहरू न त धर्मशास्त्र जान्दछौ, न

परमेश्वरको शक्तिलाई जान्दछौ? २५ किनकि जब मृतकबाट तिनीहरूको पुनरुत्थान हुन्छ, तिनीहरू न त विवाह गर्छन्, न तिनीहरूको विवाह हुन्छ, तर तिनीहरू स्वर्गमा भएका दूतहरूजस्तै हुन्छन्। २६ मृतकहरू जीवित भई उठ्ने कुराको विषयमा के तिमीहरूले मोशाको पुस्तकमा पढ़ेका छैनौ? कि कसरी पोथ्रोको विषयमा लेखिएको खण्डमा परमेश्वरले मोशालाई भन्नुभयो, 'म अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वर हुँ।' २७ उहाँ मुर्दाहरूका परमेश्वर हुनुहुन्न, तर जिउँदाहरूका हुनुहुन्छ (प्रस्थान ३:६। तिमीहरू एकदमै भूलमा परेका छौ।"

२८ शास्त्रीहरूमध्ये एक जना आए, र तिनीहरूलाई आपसमा विवाद गरिरहेका सुने। येशूले मानिसहरूलाई ठीक जवाफ दिनुभएको देखेर तिनले उहाँलाई सोधे, "सबै आज्ञाहरूमा मुख्यचाहिँ कुन हो?" २९ येशूले जवाफ दिनुभयो, "सबैभन्दा मुख्यचाहिँ यो होः 'हे इस्राएल सुन्, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। ३० तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा हृदयले, तेरो सारा प्राणले, तेरो सारा समझले, र तेरो सारा शक्तिले प्रेम गर्।' (व्यवस्था ६:४,५) ३१ दोस्रोचाहिँ यो हो, 'तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्।' योभन्दा ठूलो आज्ञा अर्को छैन।" (लेबी १९:१८), लूका ६:३,४ " ३ येशूले तिनीहरूलाई जवाफ दिएर भन्नुभयो, "के तिमीहरूले यो पनि पढ़ेका छैनौ, दाऊदले जब तिनी आफै र तिनको साथमा हुनेहरू भोकाएका थिए, तब के गरे? ४ कसरी परमेश्वरको घरमा पसेर अर्पण गरिएको रोटी झिकेर तिनले खाए, र तिनीसँग हुनेहरूलाई पनि दिए, जो पूजाहारीहरूलाई बाहेक अरूलाई खान निषेध थियो।" (१ शमूएल २१:१-६, लेबी २४:९), मत्ती २४:१५ " १५ "यसकारण जब तिमीहरूले दानिएल अगमवक्ताबाट बोलिएको विनाशकारी घृणित थोक पवित्रस्थानमा खड़ा भएको देखौला (पाठकले बुझोस्) (दानिएल ९:२७) र मर्कूस १३:२४-२७ " २४ "तर ती दिनमा त्यस महासङ्कष्टपछि सूर्य अँध्यारो हुनेछ, र चन्द्रमाले आफ्नो चमक दिनेछैन, (यशैया १३:१०) २५ ताराहरू आकाशबाट खस्नेछन्, र आकाशमा भएका शक्तिहरू डगमगाउनेछन् (यशैया ३४:४, योयल २:१०)। २६ अनि त्यस समयमा मानिसहरूले मानिसको पुत्रलाई शक्ति र महिमासित बादलमा आउँदैगरेको देख्नेछन् (दानिएल ७:१३)। २७ तब उसले स्वर्गदूतहरूलाई पठाउनेछ, र पृथ्वीको अन्त्यदेखि आकाशको अन्त्यसम्म चारै दिशाबाट आफ्ना चुनिएकाहरूलाई भेला गर्नेछ।"

**बाइबलले** आफ्नो बारेमा आफैले दिएको गवाही स्पष्ट छः बाइबलले जे सिकाउँछ त्यो बाइबल आफैमा पर्याप्त छ। बाइबल यति स्पष्ट छ कि बालबालिकाहरूले पनि बुझ्न सक्छन् अझ भर्खरै पढ्न लेख्न थालेकाहरूले पनि यो बुझ्न सक्छन्। तैपनि यसमा हाम्रो लागि कहिल्यै सिकेर नसिद्धिने ज्ञानको खानी छ। र जतिजति पढियो त्यतित्यति यो गहिरो भएर यसले हामीलाई समझशक्ति दिलाउँछ।हामीलाई बाइबलको अर्थ बुझाउन कुनै पनि चर्चका भव्य दर्शन, शिक्षा आदिको आवश्यकता पर्दैन। बरू यसले सिकाएका आधारभूत र मौलिक शिक्षाहरू सबै विश्वासीहरूले बुझ्न सक्छन्। सबै विश्वासीहरू पुजाहारी र बाइबलका शिक्षकहरू हुन् भनेर बाइबलले दावी गर्दछ। बाइबलको ज्ञान जान्न, सिक्न र सिकाउन चर्चका सिमित पदाधिकारी, थियोलोजी पढ्ने पास्टरहरू वा विद्वानहरू नै चाहिन्छ भन्ने छैन। त्यसकारण बाइबल अध्ययन गर्न हामी सबैलाई प्रोत्साहित गरिएको छ, आह्वान गरिएको छ, किनभने जब हामी प्रार्थनापूर्वक बाइबल अध्ययन गर्छौं तब हामी परमेश्वरको सन्देश बुझ्न सक्छौं।

यो कुरा स्पष्टरूपमा औंल्याइएको छः "बाइबलका लेखकहरूले निरन्तररूपमा देखाइएका उदाहरण अनुसार बाइबललाई जस्ताको त्यस्तै अक्षरस लिन सक्नुपर्छ। कतै कतै बाइबलको सन्देश बुझाउन वा व्याख्या गराउन प्रतीकहरू प्रयोग गरिएका हुन्छन्। तर बाइबलले के भन्न खोजेको छ त्यसको भित्री भेद जान्न वा उपमाहरूबाट ज्ञान सिक्न कठिन कतिपय वाक्यहरू पन्छाउन आवश्यक छ। किनकि कतिपय समयमा सत्यलाई उघार्न बाइबलभित्र रहेको भित्री ज्ञानलाई अझ खोतल्नुपर्ने हुन्छ।"-*हान्डबुक अभ सेभेन्थ-डे एडभेन्टिस्ट थियोलोजी* (हागरटाउन, माडिसन, अमेरिका, रिभ्यु, २०००), पृ. ६५बाट रूपान्तरित। बाइबलको भाषा र शब्दहरू छन्। यसले सिकाउन चाहेका सत्यहरू यसका लेखकहरूले स्पष्ट र ठोसरूपमा लेखेका छन्। सिकाउनेहरूले जसरी मन लाग्यो त्यसरी सिकाउने, विषयबस्तुभन्दा अनियन्त्रितरूपमा बाहिरका विषयहरू मिसाएर बुझाउने वा बाइबलको एक पदले नै धेरै धेरै अर्थहरू दिन्छ भनेर मानवीय धारणाहरू दिन र बाइबलको सत्य आत्मज्ञानलाई ओझेलमा पार्न बाइबलका लेखकहरूले इजाजत दिएका छैनन्।

त्यसको अर्थ यो पनि होइन कि कतिपय समयमा त्यस्ता पदहरू वा धारणाहरू हाम्रो अगाडि आउन सक्छन् जुन हामीले तुरून्तै र पूर्णरूपमा बुझ्न सक्छौं। यो परमेश्वरको वचन हो र हामी पतित मानव जाति हौं। यद्यपि,

हामीलाई चाहिने ज्ञान विशेष गरेर मुक्तिको बारेमा सिकाउन र बुझाउन परमेश्वरको वचन यथेष्ठ छ।

**कतिपय समयमा तपाईंले पढेका कुराहरू बुझ्न नसक्नुभएको होला, तर पछि बुझ्न सक्नु भएको पनि हुनसक्छ। यस्तै खालको अनुभवसँग संघर्ष गरिरहेकाहरूलाई तपाईं कसरी सहयोग गर्न सक्नुहुन्छ ?**

## ४. धर्मशास्त्र बाइबलको व्याख्या धर्मशास्त्र बाइबलले नै गर्दछ

बाइबलमा भएको महत्त्वपूर्ण एकताले गर्दा नै बाइबलको व्याख्या गर्ने काम बाइबलले नै गर्न सकेको हो। यस खालको एकताबिना बाइबलको अर्थ बाइबलले नै खुलाउने वा वचनलाई प्रकट गर्ने प्रकाश वा ज्योति हुनसक्दैनथ्यो। बाइबलको एक भागले अर्को भागलाई व्याख्या गर्दछ। यसले बाइबलको एक अंश अर्को अंशसँग सम्बन्धित भएको देखाउँछ जसले गर्दा बाइबलको शिक्षा बुझ्न सहज हुनजान्छ।

**आफू को हुँ भनेर बुझाउन येशूले धर्मशास्त्र बाइबल नै प्रयोग गर्नुभएको थियो। हेर्नुहोस् लूका २४:२७,४४,४५। धर्मशास्त्र बाइबल कसरी प्रयोग गर्न सकिन्छ भनेर यसले हामीलाई कसरी सिकाउँछ? "२७ तब मोशा र सबै अगमवक्ताहरूबाट सुरु गरेर उहाँले धर्मशास्त्रमा आफ्नो विषयमा लेखिएका कुराहरूको अर्थ तिनीहरूलाई खोलिदिनुभयो।....४४ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूसँग हुँदा मैले बोलेका वचनहरू यी नै हुन्, अर्थात् मोशाको व्यवस्था, अगमवक्ता र भजनका पुस्तकमा मेरो विषयमा लेखिएका सबै कुरा पूरा हुनैपर्छ।" ४५ तब धर्मशास्त्र बुझ्नलाई उहाँले तिनीहरूको समझ खोलिदिनुभयो। ४६ उहाँले तिनीहरूलाई भन्नुभयो, "यसो लेखिएको छ, कि ख्रीष्टले दुःख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ, ४७ अनि यरूशलेमबाट सुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ। ४८ तिमीहरू यी नै कुराका साक्षी हौ।"**

बाइबलले बाइबललाई नै व्याख्या गर्ने सौन्दर्यताले त बाइबलको अर्थलाई अझ राम्रोसँग बुझाउँछ।जसले बाइबलका पदहरूलाई मानिसका आफ्नै धारणा अनुसार प्रमाणित वा व्याख्या गर्नबाट पनि बचाउछ। बरू, एक अंशलाई बुझ्न अर्को अंशको विषयलाई होशियारसाथ सोच्न बाध्य गराउँछ। बाइबलको एक पद पढ्दा त्यसभन्दा अगाडि के छ र पछि के आउछ भनेर पनि सोच्दछौं साथै जुन अंश जुन किताबमा पाइएको छ त्यो सम्पूर्ण किताबको सन्दर्भमा हामी हेर्दछौं। कुनै पनि पद हेर्दा त्यो पद वा धारणाले पुस्तकका

लेखकले दिन चाहेको सन्देशसँग मिल्छ कि मिल्दैन भनेर हामी केलाउन सक्छौँ। अझ पावलको भनाइमा "जेजति पहिला लेखियो ती हामीलाई सिकाउन लेखिएको हो" (रोमी १५:४ रूपान्तरित) जुन विषय हामीले अध्ययन गरिरहेकाछौँ त्यस बिषयलाई सम्पूर्ण बाइबलले के भन्छ सो अध्ययन गर्नुपर्ने जरुरी हामीले देख्नुपर्दछ।

"बाइबलको टिप्पणी बाइबलले नै गर्दछ। बाइबलको एउटा पुस्तकसँग अर्को पुस्तक तुलना गरेर अध्ययन गर्नुपर्छ। बाइबलका विद्यार्थीले परमेश्वरको वचन एक भागसँग अर्को भाग मिल्छ कि भनेर हेर्न सम्पूर्ण भाग हेर्नुपर्छ। बाइबलमा भएको महान् तथा मुख्य विषयबस्तुबाट उसले ज्ञान आर्जन गर्नुपर्छ। ती विषयबस्तुहरू यी हुन् यस संसारमा परमेश्वरको सुरुको योजना के हो ? परमेश्वर र शैतानको बीचमा भएको मतभेद कसरी सुरु भयो र परमेश्वरको मुक्तिको योजना के छ ?।"-एलेन जी ह्वाइट, एजुकेशन, पृ. १९०बाट रूपान्तरित।

जब बाइबलको एउटा पुस्तकसँग अर्को पुस्तक तुलना गरेर पढ्छौं तब सम्पूर्ण बाइबल राम्रोसँग अध्ययन गर्न जरुरी हुन्छ। सकेसम्म बाइबल कुन भाषामा लेखिएको हो त्यहीँ भाषामा अध्ययन गर्नु असल हुन्छ। अझ बाइबल विभिन्न भाषामा अनुवाद गरिने हुँदा सुरूमा बाइबल लेखिएको ग्रीक र हिब्रू भाषाको अर्थलाई बुझाउने खालको विश्वसनीय अनुवाद पढ्नु उचित हुन्छ। बाइबलमा दिइएको हामीलाई चाहिने सन्देश बुझ्न ग्रीक र हिब्रू भाषा जान्नै पर्छ भन्ने त छैन तर जाने राम्रो। तर यदि विश्वाससाथ र प्रार्थनासाथ साथै नम्र भएर अनि परमेश्वरको वचनमा समर्पित हुने प्रतिवद्धता गर्दै अध्ययन गरे परमेश्वरको निम्ति महान् फलहरू फलाउन सक्ने कुरा निश्चित छ।

**मृत्युको अवस्थाका शिक्षालाई सोच्नुहोस्। यदि अरू पदहरू हेरिएन भने एक दुईवटा पदहरूले मात्र मानिसहरूलाई गलत धारणा सिकाउन सक्छ। कुनै पनि विषय अध्ययन गर्दा वा बुझ्न चाहँदा एकदुई ठाउँमामात्र नहेरेर सम्पूर्ण बाइबलले त्यस विषयलाई कसरी सिकाउँछ भन्ने कुरामा पनि ख्याल राख्न किन जरुरी छ?**

## ५. सोला स्क्रिप्ट्च्युरा वा बाइबल र बाइबलमात्रै र एलेन जी ह्वाइट

यशैया ८:२०मा लेखिएको छ "व्यवस्था र गवाहीकहाँ जाओ! यदि तिनीहरू यस वचनअनुसार बोलेनन् भने तिनीहरूसित बिहानको मिरमिरे उज्यालो पनि छैन।" हामीले सिकाउने कुनै शिक्षादीक्षा, दर्शन वा सिद्धान्त बाइबलको

**व्यवस्था र गवाहीसँग मिल्नै पर्छ भनेर हामी किन जिकिर गर्छौं? बाइबलका पुस्तकहरूमा समावेश नभएका परमेश्वरका अगमवक्ता वा उहाँका वचनहरू संञ्चार गर्नेहरूको मामिलामा उक्त मापदण्ड वा बाइबलको आदर्शको के अर्थ रहन्छ?**

जब हामी सोला स्क्रिप्ट्च्युरा वा बाइबल र बाइबलमात्रै भनेर दावी गर्छौं तब सेभेन्थ-डे एडभेन्टिस्टहरूले मनपराएतापनि वा मन नपराएतापनि एलेन जी ह्वाइटको बारेमा के भन्ने भनेर चुनौति खडा हुन्छ किनकि हामी यो दावी गर्छौं कि उनी परमेश्वरका बाँकी सन्तानहरूको निम्ति परमेश्वरबाट प्रेरित भएर उहाँका सन्देशवाहक हुनुभएको थियो। बाइबलसँग उहाँका लेखहरूको सम्बन्ध के छ त?

उहाँका लेखहरूको मामिलामा एउटा कुरा ध्यान दिनु अत्यन्तै जरुरी छ। हामीले उहाँका लेखहरू हल्कारूपमा पढे पनि उहाँका सबै सोचबिचार, धार्मिक दर्शन वा सिद्धान्तहरूको आधारभूत स्रोत, जग र केन्द्रविन्दु बाइबल नै भएको हामी पाउँछौं। अझ उहाँले बारम्बार जोड दिएर बाइबलप्रति आफ्नो प्रतिवद्धता र आस्थाप्रति अडान लिएर भन्नुभएको थियो कि हाम्रो विश्वास, आस्था, शिक्षादीक्षा र व्यवहार बाइबलको उच्च आदर्श र मापदण्ड अनुसार हुनुपर्छ (*द ग्रेट कन्त्रोभर्सी,* पृ. ५९६) अझ उहाँले सुधारवादी इसाई वा प्रोटेस्टेन्टको बाइबल र बाइबलमात्रै वा सोला स्क्रिप्ट्च्युरा नितिलाई स्पष्टरूपमा समर्थन र अनुमोदन गर्नुभएको थियो (*द ग्रेट कन्त्रोभर्सी,* पृ ९)।

आफ्नो लेखन सामग्रीको बाइबलसँगको तुलनामा एलेन जी ह्वाइटले आफ्नो स्पष्ट धारणा यसरी राख्नुभएको छ "मेरा लेखहरू पुरुष र स्त्रीहरूको निम्ति ठूलो ज्योतिमा अगुवाई गर्न सानो बत्ती हो" (एडभेन्टिस्टरिभ्यु एण्ड साबथ हेराल्ड, जनवरी २०, १९०३बाट रूपान्तरित)। बाइबल अध्ययनका कुनै पनि गम्भीर विषयमा उहाँका लेखहरूलाई बाइबलको सट्टामा कहिल्यै पनि लिनुहुन्न। अझ उहाँले यो धारणा राख्नुभएको छः "तपाईंहरू धर्मशास्त्र बाइबलसँग परिचित हुनुहुन्न। यदि तपाईंहरूको अध्ययन परमेश्वरको वचनमा ध्यान दिनुभयो भने, बाइबलले औंल्याएको आदर्शमा तपाईंहरू पुग्न चाहनुहुन्छ भने र इसाई परिपक्वता प्राप्त गर्न चाहुनुहुन्छ भने मेरा गवाही वा लेखहरूको कहिल्यै पनि आवश्यकता हुने थिएन। परमेश्वरको प्रेरणाद्वारा पाइएको धर्मशास्त्र बाइबलसँग तपाईंहरू अपरिचित हुनुभएकोले सरल र सिधा गवाहीद्वारा परमेश्वर तपाईंहरूकहाँ पुग्न खोज्नुभएको छ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली २, पृ. ६०५बाट रूपान्तरित।

**एलेन जी ह्वाइटको माथिका भना**इहरूलाई हामीले आत्मसात् गर्न सक्यौं भने उहाँका लेखहरूप्रति हामी सराहना प्रकट गर्न अग्रसर हुनेछौं। बाइबलका लेखकहरूले पाएका त्यस्तै प्रेरणाहरू उहाँका लेखन सामग्रीहरूमा हामी पाउँछौं। तर उहाँका लेखहरूको काम बाइबलभन्दा भिन्नै छ। उहाँका लेखहरू धर्मशास्त्र बाइबललाई थप्न लेखिएको होइन तर उहाँका लेखहरू पवित्र धर्मशास्त्रको नियन्त्रणमा छन्। बाइबलको सट्टामा उहाँका लेखहरू पढियोस् भन्ने उहाँले कहिल्यै पनि चाहनुभएको थिएनः बरु हाम्रो आस्था, विश्वास र व्यवहार बाइबलको स्तर वा मापदण्ड अनुसार हुनुपर्छ भनेर बाइबललाई उच्च स्थानमा राख्नुभएको थियो।

**एलेन जी ह्वाइटको सेवामार्फत हामीले आश्चर्यजनक उपहार पाएको विषयमा सोच्नुहोस्। बाइबललाई सर्वोच्च उचाईमा नै राखेर उहाँबाट आएका अचम्मको आत्मिक ज्ञानहरूको राम्रोसँग सराहना गर्न हामीले कसरी सिक्ने**?

## उपसंहारः

**थप जानकारीः** ***हान्डबुक अभ सेभेन्थ-डे एडभेन्टिस्ट थियोलोजीको*** "बिब्लिकल इन्टरप्रिटेशन" को अंश, "द आनोलोजी अभ स्क्रिप्ट्च्युरः"स्क्रिप्ट्च्युर इज इट्स ओन इन्टरप्रेटर" र बाइबलको एकरूपता र स्पष्टताको निम्ति त्यही पुस्तकको पृ. ६४-६६। *एजुकेशन* पुस्तकको पृ. १८५-१९२को अध्याय २०को "बाइबल टिचिङ्ग एण्ड स्टडी", र *सेलेक्टेड मेसेजेज, बुक ३को* पृ. २९-३३को "द प्राइमासी अभ द वर्ड।"

"बाइबलको विद्यार्थीले सिक्ने मनस्थितिका लिएर अध्ययन गर्नु वा सिक्नुपर्दछ। हाम्रो धारणा वा विचारलाई प्रमाणित गर्न होइन तर परमेश्वरले के भन्न चाहनुभएको छ सो थाहा पाउन बाइबलका पानाहरू पल्टाएर पढ्नुपर्छ। जुन पवित्र आत्माले बाइबल दिनुभएको थियो उहाँको सहयोगले मात्र बाइबलमा भएको सत्य ज्ञानलाई हासिल गर्न सकिन्छ। त्यो ज्ञान हासिल गर्न त्यसै अनुसार चल्न हामी पनि राजी हुनुपर्छ। परमेश्वरले उहाँको वचनमा दिनुभएको सबै आदेशहरूलाई हामीले पालना गर्नुपर्छ।....हाम्रो अथक इमान्दारी प्रयास र हाम्रो सोचलाई ठिक लक्षित गर्नु बाइबलको अध्ययनको माग हो। जसरी जमिन वा पत्थर खनेर सुनौलो वा वहुमूल्य खजानाहरू निकाल्छन् त्यसरी नै परमेश्वरको वचनमा भएका खजाना इमान्दारी, मेहनतपूर्वक प्रयत्न गरेर निकाल्न सक्नुपर्छ।"-एलेन जी ह्वाइट, एजुकेशन, पृ. १८९बाट रूपान्तरित।

"जब तपाईंहरू बाइबललाई आफ्नो भोजन वा मिठो खानेकुरा बनाउनुहुन्छ र तपाईंको पिउने स्रोत बनाउनुहुन्छ, जब यसमा भएका नीतिहरूलाई तपाईंको चरित्रसँग गाँस्नुहुन्छ तब तपाईंले परमेश्वरबाट अझ बढी सरसल्लाहहरू आएको अनुभव गर्नुहुनेछ। तपाईंको सामु अत्यन्तै अमूल्य वचन उचाल्न चाहन्छु। मैले भनेको कुरा यसरी नदोहोऱ्याउनुहोस् 'दिदी एलेन जी ह्वाइटले यो भन्नुभयो वा त्यो भन्नु भयो।' इस्राएलका परमप्रभु परमेश्वरले के भन्नुभयो तपाईंहरू आफै पत्ता लगाउनुहोस् र उहाँले जे आदेश दिनुभयो त्यसलाई पालना गर्नुहोस्।"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजेज, बुक ३, पृ. ३३बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ) बाइबलले कुनै पनि विषयलाई सम्पूर्ण तरिकाले कसरी हेरेको छ ?त्यसलाई नहेरि केवल एक दुई पदहरूकै आधारमा 'बाइबलले भनेको यही हो' भनेर ठम्याउन खोज्ने धारणा किन गलत छ? तिनीहरूमा के यस्ता विषयहरू छन् जसले मानिसहरूलाई गलत बाटोमा लगाइरहेका हुन्छन्?

आ) बप्तिस्मा दिने यूहन्नाको बारेमा मत्ती ११:११मा येशूले भन्नुभएको छ "साँच्चै, म तिमीहरूलाई भन्दछु, स्त्रीबाट जन्मेकाहरूमा बप्तिस्मा-दिने यूहन्नाभन्दा महान् अरू कोही भएको छैन। तरै पनि स्वर्गको राज्यमा जो सबैभन्दा सानो छ, त्यो यिनीभन्दा महान् हो।" अगमवक्ता यूहन्नाको बारेमा चर्चा गर्दै येशूले अर्को अगमवक्ताको बारेमा भन्नुभएको थियो जसको नाउँ हामीलाई न त थाहा छ न त उनको लेख नै। सत्य अगमवक्ता हुन किताबै लेख्नु पर्छ भन्ने छैन तैपनि परमेश्वरको सामु महान् किन कहलाइन्छ? हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूले त्यस तथ्यबाट के सिक्न सक्छौं?

इ) हाम्रो अन्तिम आधिकारिक वचन बाइबल र बाइबलमात्र हो भनेर विश्वास गर्नेहरूमा हामी एडभेन्टिस्टहरूमात्र छैनौं। अर्कोतर्फ हाम्रो सिद्धान्त वा शिक्षादीक्षासँग नमिल्ने तर बाइबलमै छ भनेर जिकिर गर्ने अरू इसाई सम्प्रदायको दावीलाई हामीले कसरी व्याख्या गर्ने?

# कथा ५
# येशूको बाटोमा
## आन्टोनिज माटसुकारोस

म साइप्रसमा हुर्केको थिएँ। यो देश पूर्वी भूमध्य सागर वा इस्टर्न मेडिटरेनियन समुद्रमा रहेको एक स्वतन्त्र देश हो। यहाँका ९८ प्रतिशत मानिसहरू इसाई भनेर दावी गर्छन्। त्यसकारण यसलाई इसाई देश भनेर पनि भनिन्छ। मेरा परिवार पनि इसाई नै थिए तर नाममात्रको। जब म १२ वर्षको थिएँ तब म धेरै बिरामी भएँ। कुनै डाक्टरले पनि मलाई निको पार्न सकेन। मैले परमेश्वरलाई खोज्न थालें। निको होलाकि भने म विभिन्न चर्चहरूमा जान थालें। चर्चले नै मानेका विभिन्न मूर्तिहरूलाई पूजा गरें र तिनीहरूको सामु मैनबत्ती बालें। मेरो क्रियाकलापले परमेश्वर खुशी हुनुहुनेछ र मलाई निको पार्नुहुनेछ भनेर मैले विश्वास गरेको थिएँ। तर म निको भइनँ। धेरै वर्षपछि जब म ३० वर्षको भएँ कसैले मेरो ढोकाभित्र एउटा पर्चा छोडेर गएको मैले भेट्टाएँ। त्यसमा सार्वजनिक सभागृहमा एउटा श्रृखलावद्ध सभा हुने भनेर लेखिएको थियो। त्यहाँ पुरातत्विक वा पुरानो ऐतिहासिक कुराहरू खनेर पत्ता लगाउने ज्ञान र आत्मिक ज्ञानको बारेमा सिकाइनेछ भनेर लेखिएको थियो। चासो लाग्ने व्यक्तिहरूलाई त्यस सभामा आउन आमन्त्रण गरिएको थियो। प्रत्येक रात के के कुराहरू सिकाउने भन्ने विषयवस्तुहरू लेखिएको थियो। त्यसबेला यो सभा सेभेन्थ-डे एडभेन्टिस्टले आयोजना गरेको थियो भनेर मलाई थाहा थिएन।

मलाई त्यस सभामा जान खासै चासो थिएन। तर जब के के कुराहरू सिकाइनेछ भनेर विषयबस्तुहरू हेर्दा बीचमा एउटा विषयले मेरो ध्यान तान्यो। त्यो विषय थियोः "आन्टिक्राइस्ट वा ख्रीष्टविरोधी र ६६६ नम्बर।" कमसेकम त्यो एउटा कार्यक्रममा भाग लिने मैले निर्णय गरें।

जब म त्यहाँ गएँ तब त्यहाँ जे प्रस्तुत गरियो त्यो जोशिलो र तर्कपूर्ण पाराको प्रस्तुति थियो जसले गर्दा मेरो चासो झन बढ्यो। बाँकी सबै कार्यक्रमहरूमा म सहभागी भएँ। सभाको अन्त्यपछि आयोजकहरूले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको सेवाकार्यमा सहभागी हुन सबैलाई अनुरोध गरे।

म पनि एडभेन्टिस्ट चर्चमा जान थालें र विस्तारै एडभेन्टिस्ट सन्देप्रति मेरो आस्था जाग्न थाल्यो। तर म बप्तिस्मा लिन हिचकिचाएँ। साइप्रसको सहर

निकोसिया सानो सहर थियो र त्यहाँको समाजमा प्रायजसो सबैले सबैलाई चिनेका हुन्थ्ये। त्यसकारण यदि बाल्यकालको आइतबारमान्ने इसाई धर्म छोडेर शनिबार पवित्र दिन मान्ने एडभेन्टिस्ट चर्चमा म समावेश भएँ भने मेरा परिवार र साथीहरूले के भन्लान् भनेर मलाई चिन्ता लागेको थियो। म दुधे बालक भएकै बेलामा मलाई पानीले छर्केर बप्तिस्मा दिएको थियो र मलाई स्वःत जन्मजात इसाई भनेर विश्वास दिलाइएको थियो। दश वर्षसम्म बप्तिस्मा लिने कि नलिने भन्ने कुरामा मैले सोचिरहेँ। के मैले फेरि बप्तिस्मा लिएँभने म असल मानिस हुन्छु र? के यस चर्चका शिक्षादीक्षा पालन गर्न र जीवनशैली अपनाउन म तयार छु त भन्ने जस्ता प्रश्नहरू मेरो दिमागमा खेलिरहेको थियो। तर एडभेन्टिस्ट चर्चको पास्टर एकदम धिरजी थिए। समय बित्दै जाँदा हामीहरू असल साथी भयौं। उनको नरम मिजासले मलाई हौशला दिएको थियो। उनको प्रभावले मैले बप्तिस्मा लिएँ। मेरो निर्णयप्रति मलाई कहिल्यै पनि पश्चाताप लागेन।

त्यस बप्तिस्मा लिएको सुन्दर दिन बितेको धेरै वर्ष भयो। आज म ५५ वर्षको भएँ र म सानो चर्च परिवारमा सक्रिय छु। म साबथ स्कूल सिकाउँछु र नयाँ चर्च पास्टरसँग मिलेर वेभसाइट बनाउँदैछु ताकि साइप्रसका अरू मानिसहरूले सेभेन्थ-डे एडभेन्टिस्टको सन्देश सुनून्।

*(येशू ख्रीष्ट छिटै आउँदै हुनुहुन्छ र जब उहाँ आउनुहुन्छ तब मेरो निको नहुने रोग उहाँले निको पार्नुहुनेछ। तर मेरो जीवनभन्दा महत्त्वपूर्ण कुरो त साइप्रसका मानिसहरू र संसारका मानिसहरूले येशूको निम्ति पर्खिन सकून् भन्ने मेरो चाहना छ। यस त्रैमासिकको भेटीको केही भाग निकोसियामा नयाँ चर्च बनाउन र सामुदायिक भवन निर्माण गर्न दिइनेछ)।*